STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३०६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर ११ गते शनिबार ❑ 27 Nov. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## देश बनाउन एमालेको एकल बहुमत आवश्यक: अध्यक्ष ओली

**रासस**
**चितवन, १० मंसिर**

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले समृद्ध मुलुक निर्माणका लागि एमालेले बहुमत ल्याउने गरी जनताका बीचमा जाने बताउनुभएको छ।

नारायणी नदी किनारमा आयोजित एमालेको दसौँ राष्ट्रिय महाधिवेशनको उद्घाटनसत्रमा उहाँले आफ्नो नेतृत्वको सरकारले ताजा निर्वाचनमा जान गरेको प्रस्तावलाई त्यसबेला अन्य दलले स्वीकार नगरे पनि अब चाँडै मुलुक निर्वाचनमा जाने भएकाले त्यसको तयारी गर्दै एमालेले बहुमत ल्याउने गरी जनताका बीचमा जाने बताउनुभएको हो।




पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष ओलीले देशमा समृद्धि, सार्वभौमिकता, लोकतन्त्र र संविधानको रक्षाका लागि एमालेको एकल बहुमत आवश्यक रहेको जिकिर गर्दै देशलाई मिलेर अघि बढाउन एमालेमा सामेल भएर आउन अन्य दलमा रहेका नेता कार्यकर्तालाई आग्रह गर्नुभयो । "एमालेले आउँदो फागुनसम्म देशभर पार्टी प्रवेशका व्यापक कार्यक्रम आयोजना गर्नेछ", उहाँले भन्नुभयो, "एमाले गफ गर्ने पार्टी होइन, देश र जनताका लागि काम गर्ने पार्टी हो।" अध्यक्ष ओलीले एमालेले छिमेकी र अन्य मुलुकसँग पारस्परिक लाभ, आपसी समानता र सार्वभौमिकताका आधारमा सम्बन्ध विकास गर्न चाहेको उल्लेख गर्दै आफू नेतृत्वको सरकारले पृथकतावाद र हिंसात्मक गतिविधिमा संलग्न पक्षहरूलाई शान्तिपूर्ण राजनीतिको मूल प्रवाहमा ल्याएकाले अब कुनै हिंसाको वातावरणको काम नरहेकाले विदेशीहरूले लगानी गर्ने वातावरण रहेको बताउनुभयो।

अध्यक्ष ओलीले महाधिवेशनको बन्द सत्रले उच्चस्तरमा सहमति, एकता र लोकतान्त्रिक अभ्याससहित विशेष उदाहरणीय र उल्लासपूर्णरुपमा सम्पन्न भएर सफलताको सूचनासहित यही मङ्सिर १३ गते पत्रकार सम्मेलनबाट घोषणा गर्ने बताउनुभयो । उहाँले एमाले र अर्को पाँच वर्ष देशलाई नै हाँक्न सक्ने नेतृत्व चुन्नु महाधिवेशनको कार्यभार भएकाले सानातिना अन्तरविरोधमा नअल्मिएर देश निर्माणका भावना र उचाइका आधारमा अघि बढ्न नेता कार्यकर्तालाई आग्रह गर्नुभयो ।

## मूल मुद्दाहरूमा समान धारणा बनाउन संवाद र सहकार्य आवश्यक : प्रधानमन्त्री देउवा

**रासस**
**चितवन, १० मंसिर**

प्रधानमन्त्री शेरबहादुर देउवाले देश र जनतासँग जोडिएका मूल मुद्दाहरूमा समान धारणा बनाउन संवाद सहकार्य आवश्यक रहेको बताउनुभएको छ।

नेकपा एमालेको १०औँ राष्ट्रिय महाधिवेशनलाई आज यहाँ सम्बोधन गर्नुहुँदै उहाँले दलहरूबीच नीतिगत विषयमा भएका बिमतिहरूलाई संविधानमार्फत निर्धारण गरेका विधिबाट टुङ्गो लगाउनुपर्ने बताउनुभएको हो । नेपाली कांग्रेसका सभापतिसमेत रहनुभएका प्रधानमन्त्री देउवाले भन्नुभयो, "त्यसलाई हामी सबैले स्वीकार गर्ने पद्धति बसाल्नु पर्दछ। नेपाली कांग्रेस पार्टी यिनै मूल्य मान्यताप्रति प्रतिबद्ध रहेको छ।" लोकतान्त्रिक संसदीय शासन, पद्धतिको मर्मअनुसार १०औँ महाधिवेशन आयोजना गर्ने नेकपा एमालेलाई बधाई दिँदै उहाँले महाधिवेशनको पूर्ण सफलताको कामना पनि गर्नुभयो । उहाँले भन्नुभयो, "नेपालको लोकतान्त्रिक आन्दोलन विभिन्न उतारचढाव पार गर्दै देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न हामी सफल भएका हौँ।" सबै मिलेर संविधानसभाबाट नयाँ संविधान बनाएको स्मरण गराउँदै उहाँले यसलाई संस्थागत गर्न जिम्मेवारी सबै दलहरूमा रहेको बताउनुभयो । प्रधानमन्त्री देउवाले नयाँ संविधानमार्फत लोकतन्त्रका मूल्य र मान्यतालाई




संस्थागत गर्न यस अभियानमा विभिन्न राजनैतिक दलहरूसँगै नेकपा एमालेले महत्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख गर्नुहुँदै हामीहरूबीच मतभेदहरू रहेको छ र त्यसैका कारण फरक राजनैतिक दलमा आबद्ध भएको बताउनुभयो । उहाँले भन्नुभयो, "लोकतान्त्रिक मूल्यमान्यतालाई जीवन पद्धति बनाउन, कानुनी शासन र जनाधिकार स्थापना गर्न, व्यक्तिगत स्वतन्त्रता र राष्ट्रिय स्वाधीनताको रक्षा गर्न तथा राष्ट्रियतामा जनतालाई सुनिश्चित गर्दै देशलाई समृद्ध बनाउन एवम् समृद्धिको पहुँचमा हरेक नागरिकलाई पुऱ्याउन हामी सबै पार्टी एक हुनुपर्दछ ।" उहाँले हामी सहमति, सद्भावबाट हरेक समस्याको समाधान निकाल्न चाहन्छौँ भन्नुभयो । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलगायत उहाँका साथीहरू आफ्नो जेलका साथी भएको भन्दै उहाँले जुन अवस्था आफूहरूले भोग्यौँ अब जनताले भोग्न नपर्ने गरी काम गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "यी सबै कुराहरू हामी सबैले भोग्यौँ । जेलमा भोगेका दुःखलाई ध्यानमा राखेर भोलिका दिनमा कुनै नेपालीलाई कहीँ दुःख नपरोस् भन्ने कुरामा हामी सचेत हुनुपर्छ।" एउटा मूल्य र मान्यतालाई संस्थागत गर्न आफू प्रतिबद्ध रहेको भन्दै उहाँले नेकपा एमालेले सरकारका विधि, विधानलाई थिति बसाल्ने काममा साथ दिनुपर्ने बताउनुभयो। प्रधानमन्त्री देउवाले मुलुक कोरोनाले आक्रान्त भएका बेला खोप पुऱ्याउनु हाम्रो पहिलो कर्तव्य थियो भन्दै सबैको साथ र सहयोगले लक्ष्य हासिल गर्न सफल भएको बताउनुभयो । नागरिकको जीवन रक्षाजस्तो यो महान् कार्यमा सबै राजनीतिक दल, सामाजिक संस्था तथा नागरिकहरू मित्रराष्ट्र, दातृ संस्थाहरूबाट प्राप्त सहयोगप्रति उहाँले सम्मान व्यक्त गर्नुभयो । कोरोना भाइरस सङ्क्रमण अहिले निराकरण हुँदै गएको भन्दै आर्थिक अवस्था सामान्य बन्दै गएको बताउनुभयो। प्रधानमन्त्री देउवाले लोकतान्त्रिक संविधानको भावनाअनुरुप देशमा सुशासन, सद्भाव, समृद्धि कायम गर्न आफ्नो पार्टी पद्धतिबद्ध रहेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "मैले नेतृत्व गरेको वर्तमान सरकार यिनै मान्यताका आधारमा काम गर्ने विश्वास दिलाउँछु।" संसद्मा प्रतिनिधित्व गर्ने सबै राजनैतिक दलहरूसँग सहकार्य गरी देश र जनतालाई केन्द्रमा राखेर साझा धारणाका मान्यतामा म आफू प्रतिबद्ध रहेको प्रधानमन्त्री देउवाले भन्नुभयो।

## मानसिक समस्याबाट बच्ने एप बनाए विद्यार्थीले

**पोखरापत्र संवाददाता**
**पोखरा, १० मंसिर**

दश जोड दुई परीक्षा दिएर बसेका किशोरहरुले किशोरदेखि युवाहरुमा देखिने मानसिक समस्यको औषधी निर्माण गरेका छन् ।

औषधी कुनै ट्यूबलेट होइन । कुनै सिसाको झोल पनि होइन । नत सलाइन पानी नै हो ? चार जना किशोरहरुले निर्माण गरेका विलिभ नामको एप हेरेपछि देखिने जनचेतना मुलक ज्ञान नै औषधी हो । एप निर्माण गर्ने किशोरहरुमा क्रमश आयुष गौतम, प्रविण बजगाईं, अरुण पौडेल र समिर गौतम रहेका छन् । युवाहरुले तयार पारेको एन्ड्रोयड मोबाइलमा उपलब्ध एपको लेकसिटी कलेज एन्ड रिसर्च सेन्टर संचालक समितिका अध्यक्ष प्रा.डा विश्वकल्याण पराजुलीले




शुक्रबार कलेज परिसरमै शुभारम्भ गरे । स्नातक तहका विद्यार्थीलाई मानसिक स्वास्थ्यका बारेमा सचेतना दिन आयोजित कार्यक्रममा अध्यक्ष डा. पराजुलीले आफ्नो मोबाइलमा बिलिभ एप डाउनलोड गरी शुभारम्भ गरेका हुन् । अध्यक्ष डा. पराजुलीले आत्महत्या कुनै व्यक्तिगत कारण नभई सामाजिक कारण भएको विचार राखे । डा पराजुलीले भने, 'मान्छेले किन आत्महत्या गर्छ भने ऊ समाजमा छ, समाजमा नबस्ने भएको भए आत्महत्या गर्दैनथ्यो ।

कोसिसका परियोजना संयोजक सुदीप घिमिरेले मानसिक समस्या हुनु भनेको बहुलाउनु हो भन्ने भ्रम समाजमा फैलिएको भने । संयोजक घिमिरेले तनाव मानसिक समस्याको सुरुआती चरण भएको पनि बताए । तनाव भयो भने त्यससँग जुध्नुपर्छ, भाग्नु हुँदैन, त्यसलाई आइस जसरी जमाएर पनि राख्नुहुँदैन घिमिरले विद्यार्थीलाई सल्लाह दिए । आफूलाई काममा जति व्यस्त राख्न सक्नु हुन्छ त्यति दिमागमा सकारात्मक सोच बढ्दै जने संयोजक घिमिरेले भने । एप निर्माता मध्येका आयुष गौतमले विलिभ एपमा कुनै पनि व्यक्तिको समस्या आएमा नामसहितको परिचय गोप्य राखेर च्याट गर्न सकिने भने ।

कोसिस संस्थाले प्रत्यक्ष आमन सामने रुपमा परामर्श दिने पनि गौतमले जनकारी गराए। लेकसिटी कलेजमा बिबिएस दोस्रो वर्षमा अध्यनरत छात्रा साम्राज्ञी गुरुङले स्वर्ण मुखारबाट मिठा बाणीहरु पस्केर कार्यक्रम सञ्चालन गरेकी व्यवस्थापन संकाएका डिन आमोद कोइरालाले पोखरापत्रलाइ वताए।

## गण्डकीमा २७ कोरोना संक्रमण मुक्त

**पोखरापत्र संवाददाता**
**पोखरा, १० मंसिर**

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा २७ जना कोरोना संक्रमण मुक्त भएका छन् । यस अवधिमा १५ जना संक्रमित थपिएको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ।

थपिनेमा कास्कीका आठ, नवलपरासी पूर्वका छ र बाग्लुङका एक रहेको स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्रका संयोजक नवराज शर्माले जानकारी दिनुभयो ।

प्रदेशमा सक्रिय संक्रमितको संख्या १६३ र होम आइसोलेशनमा एक सय ४२ जना रहेको निर्देशनालयले जनाएको छ।

## कास्कीका पाँचवटै पालिकामा शनिबार माओवादीको अधिवेशन, तयारी पूरा

**पोखरापत्र संवाददाता**
**पोखरा, १० मंसिर**

नेपाल कम्युनिष्ट पार्टी( माओवादी केन्द्र)ले मंसिर ११ गते शनिबार कास्कीका पाँच वटै स्थानीय तहमा पालिका सम्मेलन गर्ने भएको छ।

आसन्न राष्ट्रिय सम्मेलनको कार्यतालिका अनुसार जिल्लाका ७२ वटै वडामा नेतृत्व चयन गरेको माओवादीले पालिका अधिवेशन मार्फत पालिका कमिटी चयन गर्न लागेको हो। पोखरा महानगरपालिका तथा मादी, रुपा, अन्नपूर्ण र माछापुच्छ्रे गाउँपालिकामा एकै दिन गरिने सम्मेलनको सबै तयारी पूरा भएको माओवादी केन्द्र जिल्ला समन्वय समिति कास्कीका संयोजक बखानसिँह गुरुङले जानकारी दिनुभयो। उहाँका अनुसार सम्मेलन




पालिकामा पार्टीलाई सशक्त ढंगबाट अघि बढाउन ऐतिहासिक हुनेछ । माओवादी केन्द्रले पोखरा महानगर कमिटीको दोस्रो अधिवेशन शनिबार भव्यताका साथ सम्पन्न गर्ने गरी तयारी गरिएको जनाएको छ । महानगर कमिटीले शुक्रबार पत्रकार सम्मेलन आयोजना गरी अधिवेशनको तयारी पूरा भएको जनाउँदै अध्यक्ष पुष्पकमल दाहाल(प्रचण्ड)ले भर्चुअल रुपमा अधिवेशन उद्घाटन गर्ने बताउनुभयो ।

यसैगरी पार्टीका वरिष्ठ नेता एवं विदेश विभाग प्रमुख नारायणकाजी श्रेष्ठले अधिवेशनस्थल पोखरा सभागृहमा आएर कार्यक्रम उद्घाटन गर्ने कार्यक्रम रहेको बताइन्छ । अधिवेशनले आगामी तीन वर्षका लागि ९९ सदस्सीय महानगर कमिटी निर्वाचित गर्नेछ । अधिवेशन सम्पन्न गर्नका लागि डा कृष्णराज अधिकारीको संयोजकत्वमा पाँच सदस्सीय निर्वाचन समिति गठन गरिएको सो पार्टीले जनाएको छ।

अध्यक्ष लामिछानेका अनुसार अधिवेशनको भव्यताका साथ सम्पन्न गर्न विभिन्न १२ वटा उपसमिति गठन गरिएको छ । अधिवेशनका अवसरमा जनयुद्धका शहीद, घाइते तथा बेपत्ताका परिवारजनलाई सम्मान गर्ने कार्यक्रम रहेको महानगर कमिटीका कार्यालय सदस्य जनक पराजुलीले जानकारी दिनुभयो । अधिवेशनमा महानगरका ३३ वटै वडाबाट निर्वाचित ५०१ प्रतिनिधि सहभागी हुने बताइन्छ । माओवादीको महानगरमा आठ हजार संगठित पार्टी सदस्य छन् ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# सूचना प्रविधि क्षमताको लेखाजोखामा वालिङ द्वितीय

पोखरापत्र संवाददाता
वालिङ, १० मंसिर

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तहको सूचना प्रविधि क्षमताको लेखाजोखामा स्याङ्जाको वालिङ नगरपालिका दोस्रो भएको छ।

मन्त्रालयको सूचना तथा प्रविधि शाखाले सातवटै प्रदेशबाट कूल ४३४ पालिकाको लेखाजोखा गर्दा वालिङ नगरपालिका दोस्रो भएको मन्त्रालयको वेबसाइटमार्फत सार्वजनिक गरिएको हो । मन्त्रालयले स्थानीय तहको सूचना प्रविधि क्षमताको लेखाजोखा गर्न विभिन्न ७ विधामा ५० वटा सूचाङ्कहरूको आधारमा मूल्याङ्कन गरी प्रकाशित गरेको नतिजा अनुसार वालिङ नगरपालिकाले दोस्रो स्थान हासिल गर्न सफल भएको छ । स्थानीय तहमा उपलब्ध रहेको जनशक्तिमध्ये सूचना प्रविधिसम्बन्धी ज्ञान भएका जनशक्तिको स्थिति, सूचना प्रविधिसँग सम्बन्धित पूर्वाधारको उपलब्धता, सूचना प्रविधिमा स्थानीय तहको संस्थागत क्षमताको स्थिति, सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग, वेबसाइट व्यवस्थापन, डिजिटल साक्षरता, सूचना प्रविधिसम्बन्धी नीतिगत व्यवस्थाको मूल्याङ्कन गरी आगामी दिनमा गर्नुपर्ने कार्यकाबारेमा सुझाव प्रस्तुत गर्ने मुख्य उद्देश्य रहेको छ।

यस मूल्याङ्कनले स्थानीय तहलाई सूचना प्रविधि प्रयोगको हालको अवस्थाकाबारेमा जानकारी प्रदान गर्दै सूचना प्रविधिका क्षेत्रमा आफ्नो क्षमता अभिवृद्धिका लागि मार्गदर्शन मिल्ने सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सूचना तथा प्रविधि शाखाको वेबसाइटमा उल्लेख छ । सूचना प्रविधिमा स्थानीय तहको क्षमता अभिवृद्धिका लागि काम गर्न चाहने सङ्घीय तथा प्रादेशिक निकाय, अन्य सरकारी तथा गैरसरकारी निकायलाई समेत सहयोगी हुने जनाइएको छ।

यस अध्ययनका लागि ७ विधामा ५० वटा सूचक तयार गरी सोको अङ्कभार गणनाका लागि स्थानीय तहलाई इमेल तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पोर्टलमार्फत प्राप्त भएको वालिङ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन भट्टराईले जानकारी दिनुभयो। सोहीमार्फत स्थानीय तहलाई अङ्कभार प्रविष्ट गर्न अनुरोध गरिएअनुसार नगरपालिकाबाट भरेर पठाएको विवरणका आधारमा मूल्याङ्कन गरिएको उहाँले बताउनुभयो । सूचना तथा तथ्याङ्कका आधारमा संवैधानिक तथा कानूनीरुपमा स्थानीय तहलाई प्राप्त अधिकारको कार्यान्वयनमार्फत सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग गर्न महत्वपूर्ण हुने उहाँले बताउनुभयो।

हाल उपलब्ध भएको स्रोतसाधन, जनशक्ति, संरचनाको अवस्था र त्यहाँ आवश्यकपर्ने अन्य दक्षताको बीचको अन्तर पत्ता लगाउन सहयोगी हुने उहाँले बताउनुभयो। "नगरपालिकाबाट दैनिक भएका सूचना प्रविधिको लेखाजोखा मापदण्ड र अभ्यासलाई हामीले मन्त्रालयमा पठायौँ", उहाँले भन्नुभयो, "हामीले सूचना तथा प्रविधिको प्रयोगलाई नागरिकसँग जोडेर प्रवाह गर्दै आएको दैनिक सेवालाई तेस्रो पक्षले गरेको मूल्याङ्कनमा देशभरिमै दोस्रो हुन सफल भयौँ यसले थप ऊर्जा र हौसला दिएको छ।"

विभिन्न सात वटा क्षेत्रमा दिएको सूचकाङ्कका आधारमा स्थानीय तहले प्रविष्ट गरेको अङ्कभारबमोजिम स्थानीय तहको सूचना प्रविधि क्षमताको लेखाजोखा गर्दा वालिङ नगरपालिका कूल ७८ अङ्कसहित दोस्रो हुन सफल भएको हो । कूल ८० अङ्कसहित रुकुमपश्चिमको चौरजहारी नगरपालिका पहिलो भएको हो भने काठमाडौँको कीर्तिपुर नगरपालिकाले पनि ७८ अङ्कसहित दोस्रो भएको छ।

मन्त्रालयको वेबसाइटमा सूचना प्रविधिको क्षमतासम्बन्धी लेखाजोखा मूल्याङ्कनका लागि विवरण पठाएका पालिकाको अङ्कभार सार्वजनिक गरेको छ।

# एफएमको वार्षिकोत्सवका अवसरमा न्यानो कपडा वितरण

पोखरापत्र संवाददाता
पोखरा, १० मंसिर



एभरेस्ट मिडिया हाउस प्रा.लि.द्वारा सञ्चालित एभरेस्ट एफ एम ९३ मेगाहर्जले प्रथम बार्षिकोत्सबको अवसरमा बाराही आधारभुत विद्यालय खांदरजुङमा न्यानो कपडा वितरण गरेको छ।

एफएमले शुक्रबार एक कार्यक्रमका विच माछापुच्छे गाउँपालिका-२ खाँदरजुङमा अवस्थित विद्यालयका ४३ जना विद्यार्थीलाई न्यानो कपडा वितरण गरेको हो । एफएमले प्रत्येक विद्यार्थीलाई एक-एक थान ट्र्याक सुट वितरण गरेको रेडियोका निर्देशक दीपेन्द्र श्रेष्ठले जानकारी दिए। यस अघि रेडियोले रेडियो शुभारम्भको अवसरमा गतवर्ष सामाजिक उत्तरदायित्व वहन अर्न्तगत मानवसेवा आश्रम पोखरालाई एक लाख ५० हजार सहयोग हस्तान्तरण गरेको थियो।

सो कार्यक्रममा बोल्दै एफएमका अध्यक्ष कर्मकुमारी गुरुङले एफएमले सामाजिक उत्तरदायित्व अर्न्तगत उक्त कार्यक्रम आयोजना गरिएको बताइन् । उनले भनिन्, 'जिम्मेवार पत्रकारीतासंगै सामाजिक उत्तरदायित्व प्रति हामी सचेत छौं। एभरेस्ट एफएम आवाज विहिनहरुको आवाज बनेर जनताको पक्षमा सँधै उभिने छ ।' साथै उनले असाहाय, गरिब, दलित तथा सिमान्तकृत समुदायका बालबालिकाहरुको सहयोगका लागि सधै साथमा रहने प्रतिवद्धता व्यक्त गरिन् । सो अवसरमा उनले एभरेस्ट एफ एम ९३ मेगाहर्ज सुनेर आवश्यक सुझाव दिनपनि आग्रह गरिन् ।

बि.सं. २०२१ सालमा स्थापना भएको विद्यालयमा कक्षा ५ सम्म अध्यापन हुँदै आएको छ। विद्यालयमा चेपाङ तथा दलित समुदायका ४३ विद्यार्थीहरु अध्ययनरत छन्।

कार्यक्रममा एफएमका प्रवन्ध निर्देशक दीपेन्द्र श्रेष्ठ, मार्केटिङ निर्देशक भोलाकुमार श्रेष्ठ र प्राविधिक निर्देशक रविभूषण पराजुलीको उपस्थिती थियो। शिक्षक अभिभावक संघका अध्यक्ष ओमबहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन विद्यालयका प्र.अ.राम आचार्यले गरेका थिए।

# पोखरामा विद्यालय नाटक महोत्सव हुँदै

पोखरापत्र संवाददाता
पोखरा, १० मंसिर

पोखरा थिएटरको आयोजनामा दोस्रो गण्डकी प्रदेश स्तरिय विद्यालय नाटक महोत्सव हुने भएको छ। शुक्रबार पोखरामा पत्रकार सम्मेलन गरेर दिएको जानकारी अनुसार महोत्सव आगामी माघ ११ गतेदेखि १५ गतेसम्म पोखरा थिएटरको गन्धर्व नाटकघरमा आयोजना गरिनेछ।

विद्यालयमा रंगमञ्च,अर्थपूर्ण बाल सहभागीताको आधार' भन्ने मुल मन्त्रका साथ आयोजना हुने महोत्सवमा गण्डकी प्रदेशका ११ वटै जिल्लाका विद्यालयबाट सहभागीता रहने अपेक्षा गरिएको महोत्सव संयोजक तथा पोखरा थिएटरका अध्यक्ष परिवर्तनले बताउनुभयो । 'महोत्सवमा सहभागीताका लागि विभिन्न छनोट चरण पारगर्नुपर्नेछ। पहिलो चरणमा नाटकको कथावस्तु अध्ययन गरिनेछ । त्यसको लागि पौष ३ गतेभित्र नाटकको कथावस्तु पठाइसक्नुपर्नेछ' उहाँले भन्नुभयो। गएको वर्षदेखि पोखरा थिएटरले गण्डकी विद्यालय स्तरिय नाटक महोत्सवको आयोजन गर्न थालेको हो । त्यसभन्दा अगाडि पोखरा महानगरपालिका स्तरिय



नाटक महोत्सव समेत आयोजना गरिएको थियो।

महोत्सवमा गण्डकी प्रज्ञा प्रतिष्ठान, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान र पोखरा प्रज्ञा प्रतिष्ठानको सहकार्य रहनेछ । कथावस्तुको अध्ययन पश्चात केही सिमित नाटक दोस्रो चरणकोलागि छनोट गरिने आयोजकको भनाई छ । दोस्रो चरणमा छनोट भएका नाटकको रिहर्सल हेरेर निर्णायक मण्डलले अन्तिम चरणको लागि छनोट गर्नेछ । यसरी अन्तिम चरणमा छनोट भएका नाटक गन्धर्व नाटकघरमा मञ्चन गरिनेछ।

उत्कृष्ट नाटक छनोटका लागि वरिष्ठ कलाकार प्रकाश घिमिरेको संयोजकत्वमा तीन सदस्यीय निर्णायक समिति बनाइएको छ। जसको सदस्यमा कलाकार माओत्से गुरुङ र प्रमिला तुलाचन रहनुभएको छ।

महोत्सवमा गण्डकी प्रदेश भित्र माध्यामिक तहसम्म अध्यनरत विद्यार्थीहरुले सहभागीता जनाउन सक्नेछन्।

निणार्यक संयोजक समेत रहनुभएका वरिष्ठ कलाकार प्रकाश घिमिरेले पछिल्लो क्रममा रंगमञ्चतर्फ विद्यालयमा अध्ययनरत विद्यार्थीको आर्कषण बढ्न थालेकोमा खुशी व्यक्त गर्नुभयो । महोत्सवमा प्राप्त नाटकलाई गहन तरिकाले अध्ययन गरेर अन्तिम चरणको लागि छानिने उहाँले बताउनुभयो । 'महानगर स्तरिय हुँदा होस् या गत वर्ष प्रदेश स्तरिय आयोजना गर्दा होस् विद्यार्थी तथा अभिभावकको निकै चासो थियो। यसपटक अझै बृहत हुने अपेक्षा छ' उहाँले भन्नुभयो। रेनेसा थिएटरको प्रस्तुतीमा पोखरामा मञ्चन भइरहको नाटकले दर्शकको माया बटुल्न सफल भएकोमा समेत उहाँले खुशी व्यक्त गर्नुभयो।

युथ क्रियशन थिएटरका अध्यक्ष कपिल शर्माले यो विषम परिस्थितीमा महोत्सवको आयोजना गर्नु महत्वपूर्ण कुरा भएको बताउनुभयो । उहाँले गण्डकी प्रदेश स्तरिय विद्यालय नाटक महोत्सवको सफलताको शुभकामना दिँदै अहिले गन्धर्व नाटकघरमा मञ्चन भइरहेको नाटक चरणदास चोर टिमको प्रयासको समेत प्रशंसा गर्नुभयो।

पोखरा थिएटरका अध्यक्ष परिवर्तनको अध्यक्षतामा भएको पत्रकार सम्मेलनको सञ्चालन पोखरा थिएटरका सञ्चार साथी राजारामपौडेलले गर्नुभएकोथियो। यतिबेला पोखरा थिएटरको गन्धर्व नाटकघरमा नाटक चरणदास चोर मञ्चन भैरहेको छ।

रेनेसा थिएटरको प्रस्तुती तथा पोखरा थिएटरको सहकार्यमा मंसिर १ गतेबाट मञ्चन सुरु भएको यस नाटकको मञ्चन मंसिर १४ गतेसम्म निरन्तर हुनेछ।

# युआरएल पत्रकारिता पुरस्कार बास्तोलालाई

पोखरापत्र संवाददाता
पोखरा, १० मंसिर

युआरएल पत्रकारिता पुरस्कार २०७८ बाट पत्रकार हरिप्रसाद बास्तोलालाई सम्मान गरिने भएको छ।

गण्डकी प्रदेशको पहिलो रेफरेन्स ल्याब युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि(युआरएल)ले स्थापना र सञ्चालन गर्ने यो पुरस्कारको राशि नगद २० हजार र ताम्रपत्र छ । नेपाल पत्रकार महासंघ कास्कीका पूर्वअध्यक्ष दीपेन्द्र श्रेष्ठ संयोजक रहेको प्रतिभा छनोट समितिको निर्णय अनुसार बास्तोलालाई पुरस्कृत गर्न लागिएको हो । समिति सदस्यमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्वकुलपति प्राडा बुद्धिबहादुर थापा र सञ्चारिका समूह गण्डकी अध्यक्ष स्मीता अधिकारी थिए । विभिन्न संघ, संस्थाबाट पुरस्कृत एवं सम्मानित भइसकेका पत्रकार बास्तोला राष्ट्रिय समाचार समितिमा आवद्ध छन् । युआरएलको ८ औं वार्षिकोत्सवमा मंसिर २३ मा हुने समारोहमा पुरस्कार अर्पण गरिनेछ । स्वास्थ्य प्रयोगशालामा प्रदेशको अगुवाइ गरेको युआरएलले स्वास्थ्य सचेतनामा योगदान दिन पुरस्कार स्थापना र सञ्चालन गरेको युआरएल अध्यक्ष ठाकुरप्रसाद पन्तले बताए । यो पुरस्कारबाट अहिलेसम्म पत्रकारहरु ऋषि खतिवडा, यदुनाथ बञ्जारा, सुरेन्द्र पौडेल र प्रदीप पौडेल सम्मानित भइसकेका छन्।

# सवारी दुर्घटनामा चार महिनामा १२ को मृत्यु

पोखरापत्र संवाददाता
दमौली, १० मंसिर

सवारी दुर्घटनामा परी तनहुँमा चार महिनामा १२ जनाको मृत्यु भएको छ। चालु आर्थिक वर्षको साउनदेखि कात्तिक मसान्तसम्म सवारी दुर्घटनामा परी १२ जनाको मृत्यु भएको हो।

पृथ्वीराजमार्गका विभिन्न खण्डमा उक्त अवधिमा २७ वटा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरिक्षक युवराज तिमिल्सिनाले जानकारी दिनुभयो । दुर्घटनामा परी ४० जना घाइते भएका थिए । सडकको भौगोलिक बनावट र खाल्डाखुल्डी पनि सडक दुर्घटनाको प्रमुख कारण रहेको प्रहरी नायब उपरिक्षक तिमिल्सिनाले बताउनुभयो।

पृथ्वीराजमार्ग अन्तर्गत कोत्रे, गाछेपानी, अकला, गुणादी, कमलबारी, नाहाला, विमलनगर, आँबुखैरेनीस्थित पावरहाउस बढी दुर्घटना हुने स्थानहरु हुन्। राजमार्गमा सवारी दुर्घटना न्यूनीकरणका लागि गत असोज ३ गतेदेखि राडर गनको प्रयोग थालनी गरिएको छ।


यस अवधिमा प्रहरीले १५ हजार एक सय सवारी साधनलाई कारवाही गरेको छ । कारवाहीबाट रु एक करोड २२ लाख ७५ हजार राजश्व सङ्कलन भएको छ । सवारी दुर्घटना न्यूनीकरणका लागि चालकसँग एक मिनेट कार्यक्रम अन्तर्गत चार महिनाको अवधिमा दुई सय ७६ पटक कार्यक्रम सञ्चालन गर्दा २३ हजार आठ सय ९७ जना चालक लाभान्वित भएका छन्।

सवारी दुर्घटना न्यूनीकरणका लागि पर्चा, पम्लेट वितरण गरिएको छ भने ४३ वटा कक्षा सञ्चालन गर्दा सात हजार ६४० लाभान्वित भएको प्रहरीले जनाएको छ। प्रहरीले सरकारी कार्यालयका सवारी चालकलाई पनि प्रशिक्षण दिन थालेको छ।

महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसा नै महिला हिंसा हो।
त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन्।
कोही कसैवाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खवर गरौं।
लैङ्गिक हिंसा विरुद्धको अभियान सफल पारौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान:
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट: नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# कोरोनाबाट अभिभावक गुमाएकालाई मासिक पाँच हजार

पोखरापत्र संवाददाता
पोखरा, १० मंसिर

गण्डकी प्रदेश सरकारले कोरोना भाइरसका कारण अभिभावक गुमाएर बेसहारा भएका बालबालिकालाई मासिक रु पाँच हजार राहत वितरण सुरु गरेको छ ।

शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयले महामारीबाट अभिभावक गुमाएका बालबालिकाको अध्ययन/अध्यापनका लागि मासिक राहत रकम उपलब्ध गराउने व्यवस्था चालु वर्षको बजेट कार्यक्रममा समावेश गरेको थियो । सामाजिक विकास मन्त्रालयले कार्यविधि बनाएर बालबालिकाको तथ्याङ्क सङ्कलन गरी कागजात पुगेलाई बिहीबार रकम हस्तान्तरण गरिएको हो । मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले राहत रकम हस्तान्तरण गर्नुभएको थियो । सरकारले १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई एक वर्षका लागि प्रतिव्यक्ति रु ६० हजार सहयोग प्रदान गर्न लागेको हो । प्रदेशमा स्थायी बसोबास गर्ने र कोरोनाबाट मृत्यु भएका नागरिकका सन्ततिले यो रकम रकम प्राप्त गर्नेछन् । पहिलो चरणमा कोभिडबाट मृत्यु भएका ३९ जनाका ६० बालबालिकालाई राहत वितरण गरिएको संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकासमन्त्री मेखलाल श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार मन्त्रालयमा १७० जनाको नाम प्राप्त भएकामा आठ जनाको १८ वर्ष उमेर पुगेको र बाँकी १६२ मध्ये १०२ वटा निवेदनको मापदण्डबमोजिम कागजात पूरा हुन बाँकी छ ।

बाँकी कागजात माग गरिसकिएको र त्यसपछि उनीहरूलाई पनि राहत रकम प्रदान गरिने मन्त्रालयले जनाएको छ । पहिलो किस्ताअन्तर्गत कात्तिक मसान्तसम्मका लागि रु ११ लाख पाँच हजार निकासा भएको मन्त्रालयका सचिव विनोदबहादुर कुँवरले जानकारी दिनुभयो । राहत रकमका लागि कोभिडका कारण मृत्यु भएका अभिभावकको पिसीआर रिपोर्ट, स्वास्थ्य संस्था वा अस्पतालमा मृत्यु भएको भए सो खुल्ने कागजात, वडा कार्यालयको सिफारिस, विद्यालयमा अध्ययन गर्नेको हकमा विद्यालयको सिफारिस तथा हाल संरक्षकत्वको विवरणसहितका कागजपत्र मन्त्रालयले माग गरेको थियो ।

# छन्त्याल' घरबासमा आन्तरिक पर्यटक आकर्षित

-ध्रुवसागर शर्मा
गलेश्वर, १० मंसिर (रासस)

म्याग्दीको धौलागिरि गाउँपालिका-१ गुर्जा गाउँमा पुने आन्तरिक पर्यटक यहाँ सञ्चालित छन्त्याल होमस्टे (घरबास) को खानपान र आतिथ्य सत्कारबाट प्रभावित हुने गरेका छन् ।

प्राकृतिक सुन्दरता, छन्त्याल संस्कृति र ग्रामीण जीवनशैलीको अध्ययन अवलोकनका लागि गुर्जामा पुग्ने पर्यटकको खाने, बस्ने सुविधाका लागि स्थानीयवासीले होमस्टे सुरु गरेपछि यहाँ पुग्ने पर्यटकलाई सजिलो भएको छ । अल्पसङ्ख्यक छन्त्याल समुदायको बसोबास रहेको गुर्जा गाउँमा होमस्टे सञ्चालन गरिएको हो । गुर्जाका छ घरमा ५० जना क्षमताको होमस्टे सञ्चालन गरिएको वडाध्यक्ष भक्कबहादुर छन्त्यालले जानकारी दिनुभयो । पाहुनाका लागि छुट्टै कोठाको व्यवस्था गरेका गुर्जावासीले फूलमालाले स्वागत गर्नुका साथै छन्त्याल संस्कृति पस्कने छन् । होमस्टेमा च्याउ, टुसा, स्थानीय कुखुरा, खसी, फापरको रोटी, ढिँडोलगायत स्थानीय परिकारको स्वाद चाख्न पाइन्छ ।

छन्त्याल समुदायको मौलिक संस्कृति, ग्रामीण जीवनशैली, जैविक विविधता, वन्यजन्तु तथा पृष्ठभूमिमा देखिने हिमालको सुन्दरता गुर्जा गाउँको आकर्षण हो । गुर्जाबाट देखिने गुर्जा, चुरेन, पुथा र गुर्जा पश्चिम हिमालको मनमोहक दृश्यले पर्यटकलाई थप लोभ्याउँछ ।

लुलाङदेखि जङ्गल र भिरको बाटो आठ घण्टाको पैदलयात्रापछि पुगिने गुर्जादिखि ढोरपाटन सिकार आरक्षको रुघाचौर जोड्ने सिकारी पदमार्ग निर्माण गरिएको छ । गाउँपालिकाको १० लाख अनुदानमा निर्माण गरिएको पदमार्गको प्रचारप्रसार गरेर पर्यटकलाई आकर्षित गर्ने योजना छ । पैदल यात्रामात्र नभएर घोडचढी सुविधा पनि यहाँ उपलब्ध छन् । ढोरपाटन सिकार आरक्षको घुस्तुङ र वर्षे ब्लक यही गुर्जामा पर्दछ । गुर्जामा यार्सागुम्बा, निर मसी, पाँचऔँलेलगायत जडीबुटी पाइन्छन् । कस्तुरी, मृग, रतुवा, भारल, घोरललगायत वन्यजन्तु यहाँ अवलोकन गर्न पाइन्छ ।

पर्यटक आउन थालेपछि स्थानीयवासीले गाउँलाई सफा र सुन्दर बनाएको स्थानीयवासी प्रेम छन्त्यालले जानकारी दिनुभयो । आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या बढ्न थालेपछि उत्साहित बनाएको यशोदा होमस्टेकी सञ्चालिका भीममाया छन्त्यालले बताउनुभयो । धौलागिरि गाउँपालिकाको केन्द्र मुनाबाट ११ घण्टाको पैदल यात्रापछि गुर्जा गाउँ पुग्न सकिन्छ ।

# पर्वतको मोदीमा घरेलु उत्पादनको प्रदर्शनी मेला सुरु

पोखरापत्र संवाददाता
पर्वत, १० मंसिर

मोदी गाउँपालिकाले उद्योग दिवसको अवसर पारेर गाउँपालिकास्तरीय स्थानीय घरेलु उत्पादनको प्रदर्शनी कार्यक्रम सञ्चालन गरेको छ । गाउँपालिकाले जिल्लाको सबैभन्दा होचो मोदीखोलाको सतहदेखि सबैभन्दा अग्लो हम्पालसम्म उत्पादन भएका घरेलु, कृषि, पशु तथा अन्य उद्यमको प्रदर्शनी गरेको हो ।

यही मङ्सिर ९ देखि ११ गतेसम्म सञ्चालन हुने गरी आयोजना गरिएको प्रदर्शनीमा विभिन्न २० भन्दा बढी कक्षमा स्थानीय उत्पादन, खानाका परिकार, घरबासको आतिथ्यता, स्थानीय संस्कृति झल्किने गरी प्रदर्शनी राखिएको छ । जिल्लाका सबैभन्दा धेरै घरबास सञ्चालन रहेको उक्त गाउँपालिकाको चित्रे, भुक, क्याङ, लेस्पार, देउरालीलगायतका स्थानबाट स्थानीय संस्कृतिसहितको घरबास झल्किने गरी खाना तथा परिकार प्रदर्शनीस्थलमा राखिएको छ भने उच्च भूभागमा उत्पादन हुने अल्लोका कपडा, नेपाली कागजबाट बनेका विभिन्न सामग्री प्रदर्शनीमा आकर्षणका रूपमा राखिएको छ । तीन दिनसम्म सञ्चालन हुने उक्त प्रदर्शनी विशेषगरी स्थानीय उत्पादनको प्रचारप्रसार र उद्यमीलाई प्रोत्साहन दिलाउने उद्देश्यले आयोजना गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत किसनबहादुर क्षेत्रीले बताउनुभयो । प्रदर्शनीको उद्घाटन गर्दै गाउँपालिकाका अध्यक्ष प्रेम पौडेलले गाउँपालिकालाई समृद्ध बनाउनका लागि स्थानीय उत्पादनको बजारीकरण र प्रवर्द्धन महत्वपूर्ण रहेको जानकारी दिँदै गाउँपालिकाले त्यो लक्ष्य प्राप्ति गर्नका लागि प्रदर्शनीको आयोजना गरिएको बताउनुभयो ।

# बागलुङका स्थानीय तहका प्रमुखहरू पार्टीका मन जित्न सफल

-तारानाथ आचार्य
बलेवा, १० मंसिर (रासस)

स्थानीय सरकार गठनको पाँच वर्ष पूरा हुनै लागेको छ । नेपालको संविधानले तीन तहका सरकारको परिकल्पना गरेपछि गठन भएको स्थानीय सरकारमा जनप्रतिनिधि निर्वाचित भएर आएको पनि साढे चार वर्ष पुग्यो । निर्वाचनका समयमा गरेका प्रतिबद्धता, दलका घोषणापत्र र जनचाहनाअनुसार काम भए वा भएनन् भनेर समीक्षा गर्ने बेला आएको छ ।

भवितव्य नभए आउँदो वैशाखभित्रै स्थानीय तहको निर्वाचन गरिसक्नुपर्ने वैधानिक व्यवस्था छ । नयाँ नेतृत्व आउँदा सत्ता हस्तान्तरण पूर्वजनप्रतिनिधि र उनीहरूका दलले कामको समीक्षा गर्ने नै छन् । आम जनसमुदायले गर्ने समीक्षा र आन्तरिकरूपमा गरिने समीक्षा फरकफरक हुन् । सबै जनप्रतिनिधि कुनै न कुनै दलको टिकट लिएर निर्वाचनमा होमिएका उम्मेदवार हुन र जितेपछि साझा भए । उनीहरू आफ्नो दल, कार्यकर्ता र आम जनताप्रति कति उत्तरदायी थिए भन्ने कुरा समीक्षा र मूल्याङ्कन भएपछि मात्रै जानकारी हुने कुरा हो ।

अहिले दलका अधिवेशन चलिरहेका छन् । आन्तरिक प्रतिस्पर्धा र नेतृत्व चयनको महामेला चलिरहेका बेला राजनीतिक दल र दलकोतर्फबाट उम्मेदवार भएर जनप्रतिनिधि भएकाको पनि कार्यकर्ताले समीक्षा गर्नुपर्दछ । लोकतन्त्रको सुन्दर पक्ष राजनीतिक दलको अधिवेशन, त्यसभित्र हुने प्रतिस्पर्धा । अहिले चलिरहेकोअधिवेशनकोमहामेलामा जनमानसमा असन्तुष्टि हुँदाहुँदै बागलुङका सबै नगरपालिकाका प्रमुख पार्टीभित्र अनुमोदित भए । उनीहरूले पार्टीको निर्वाचन जितेका छन् । यसको अर्थ विपक्षीलाई चिढ्याएरै भए पनि, आम सर्वसाधारणको चित्त दुखेका भए पनि दलभित्र उनीहरू बफादार छन् ।

कात्तिक २७ गते भएको नेकपा (एमाले) बागलुङको महाधिवेशन छनोट प्रक्रियामा ढोरपाटन नगरपालिकाका प्रमुख देवकुमार नेपालीले महाधिवेशन प्रतिनिधिको उम्मेदवार दिनुभयो । अध्यक्ष मण्डलको सहायतमा सर्वसम्मत नेतृत्व चयन गरेको एमालेले उहाँको उम्मेदवारीमा कसरत गर्न परेन । दलित कोटामा उम्मेदवारी दिनुभएका नेपाली सर्वसम्मत चयन हुनुभयो । अरु कसैको उम्मेदवारी नै नपरेकाले उहाँ दलभित्र अनुमोदित हुनुभयो भन्न सकिन्छ । सोही मितिमा खुला महाधिवेशन प्रतिनिधिमा उम्मेदवारी दिनुभएका बागलुङ नगरपालिकाका प्रमुख जनकराज पौडेल पनि अरु उम्मेदवारलाई अध्यक्ष मण्डलले फिर्ता गरेपछि सर्वसम्मत हुनुभयो । नगरका कामका विषयमा चित्त नबुझेको भन्दै तीन वर्षअघि नगरकार्यपालिकाको कार्यालयमै ताला लगाएकालेसमेत उहाँ सर्वसम्मत महाधिवेशन प्रतिनिधि हुँदा आफू पछि हटे । दलप्रति र कार्यकर्ता प्रतिकोव्यफादारितउहाँमाठेखियोमङ्सिर ३ गते भएको नेपाली काङ्ग्रेस प्रदेश महाधिवेशनको निर्वाचनमा जैमिनी नगरपालिकाका प्रमुख इन्द्रराज पौडेल प्रदेश महाधिवेशन प्रतिनिधिका उम्मेदवार हुनुभयो । यही मङ्सिर ४ गते भएको मतदानमा सबैभन्दा धेरै मत ल्याउने उहाँ नै हुनुभयो र चुनाव जित्नुभयो । चार वर्षअघि नगरका कामका विषयलाई लिएर काङ्ग्रेसकै नगर सभापतिले ज्ञापनपत्र बुझाउनुभएको थियो । छोटो समयमा उहाँले कामको प्रकृति फेर्नुभयो, सुधार गर्नुभयो वा उस्तै छ । त्यो त समीक्षाको विषय भयो तर दलभित्र उहाँ बफादर हुनुभयो र चुनाव जित्नुभयो ।

मङ्सिर ६ देखि सुरु भएको काङ्ग्रेसको क्षेत्रीय महाधिवेशनमा क्षेत्रनं २ बागलुङबाट महाधिवेशन प्रतिनिधिका उम्मेदवार बन्नुभयो गलकोट नगरपालिकाका प्रमुख भरत शर्मा गैरे । उहाँले पनि चुनाव जित्नुभयो । विपक्षी दललाई बेवास्ता गर्ने गरेको आरोपसहितको ज्ञापनपत्र एक वर्षअघि बुझ्नुभएका गैरेलाई पनि पार्टीले अनुमोदन गरेको छ । उहाँले पनि अरु नगरप्रमुखले जस्तै पार्टीभित्र सबैको मन जित्नुभएको छ तर नगरभित्रका कामका विषयमा भने न पार्टीले समीक्षा गरेका छन् न उहाँ आफैँले ।

तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा काङ्ग्रेस क्षेत्र नं २ को सभापति बन्नुभयो । मतदानमार्फत नै उहाँ सभापति बन्दा अपेक्षा गरेभन्दा बढी मत उहाँले पाउनुभयो । गाउँपालिकाका गतिविधिका विषयमा दुई वर्षअघि गाउँसभा नै अवरोध हुनेगरी एमालेसँग चिढिनुभएका बुढाले पार्टीमा भने बफादार रहेको प्रमाणित गर्नुभयो । दलभित्र समीक्षा भयो भएन त्यो खोजीको विषय हो । तर जनप्रतिनिधि भइसकेका नेताले दलभित्र पाएको मतले उनीहरू दलप्रति बफादार छन् भन्ने बुझिन्छ । आम सर्वसाधारणको हितमा काम गरे गरेनन् भन्ने विषयमा समीक्षा भने आउँदो स्थानीय तहको निर्वाचनमा उनीहरू र उनीहरू सहभागी दललाई जनताले गर्ने विश्वासका आधारमा मात्रै भन्न सकिन्छ ।

# जिल्ला कारागारमा पुस्तकालय स्थापना

पोखरापत्र संवाददाता
पर्वत, १० मंसिर

जिल्ला कारागारमा कैदीबन्दीका लागि पुस्तकालय स्थापना गरिएको छ । लायन्स क्लब अफ गुप्तेश्वरले पुस्तकालय स्थापना गरेको हो ।

जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला कारागारलगायतको समन्वय तथा जिल्लामा सक्रिय लायन्स क्लबको सहकार्यमा पुस्तकालय स्थापना गरिएको हो । क्लबले आफ्नो वार्षिक कार्ययोजनाअन्तर्गत कैदीबन्दीमा सकारात्मक सोच र अध्ययनप्रति रुचि जगाउने उद्देश्यका साथ पुस्तकालय स्थापना गरिएको क्लबका अध्यक्ष अर्जुन पौडेलले जानकारी दिनुभयो ।

पुस्तकालय स्थापना कार्यक्रममा लायन्स क्लबका डिस्ट्रिक गभर्नर विशेश्वर आचार्यले क्लबको स्थापनाको मुख्य उद्देश्यलाई मध्यनजर गर्दै कारागारमा पुस्तकालय स्थापना गरिनु गौरवको कुरा भएको बताउनुभयो । क्लबले करिब रु तीन लाखको लागतमा पुस्तकालय स्थापना गरेको हो । झण्डै रु दुई लाख ५० हजार बराबरका ४५० थान पुस्तक र अन्य फर्निचर सामग्री उपलब्ध गराइएको छ । पुस्तकालय स्थापनाका लागि धेरै सहयोगदाताबाट पुस्तक र फर्निचर सामग्री सौजन्य प्राप्त भएको अध्यक्ष पौडेलले बताउनुभयो । कारागारमा अहिले ९० भन्दा बढी कैदीबन्दीले जेल जीवन बिताइरहेका छन् ।

# चिउरी, पैयूँ र दुदिलो नासिँदै जाँदा मौरीलाई चरन क्षेत्रको अभाव

पोखरापत्र संवाददाता
म्याग्दी, १० मंसिर

म्याग्दीका ग्रामीण क्षेत्रमा चिउरी, पैयूँ, दुदिलो प्रजातिका रुख नासिँदै र गाउँघरतिर तोरीखेती गर्ने चलन हराउँदै गएपछि मौरीलाई चरन क्षेत्रको अभाव भएको छ । चरन क्षेत्रको अभावले मह उत्पादनमा कमी आएको कृषकले बताएका छन् ।

विगतका वर्षको तुलनामा यस वर्ष अत्यधिकरूपमा वर्षा भएको र बाढी, पहिरो, भूक्षयले क्षति पुऱ्याउनाका साथै कुकाठका नाममा सामुदायिक वनले चिउरी, पैयूँ र दुदिलाका बोट काट्ने क्रम बढेपछि पुष्परसको अभावले गर्दा मह उत्पादनमा कमी आएको उनीहरूको भनाइ छ । जिल्लाका बेनी नगरपालिकालगायत मङ्गला, धवलागिरि, मालिका, रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकाका बिम, मराङ, ताकम, ज्यामरुककोट, रत्नेचौर, सिम, राखु, पाल्नेखेत, अर्मन, बाबियाचौरका गाउँमाव्यावसायिकरूपमामौरीपालन गरेका कृषकले विगतका वर्षको तुलनामा यस वर्ष पुष्परसमा कमी आएको र मह उत्पादन कमी भएको बताएका हुन् ।

मालिका-२ का मौरीपालक कृषक टेकनाथ जैसीले तोरी, वुकी, पैयूँ, दुदिलोलगायत फूल तथा वनस्पतिमा यस वर्ष रसको मात्रा घटेको बताउनुभयो । जैसीले विगतका वर्षभन्दा यस वर्ष अत्यधिक वर्षा भएको र फूल फुल्ने समयमा बोट ढालिएकाले विगतको तुलनामा आधा मात्र मह उत्पादन भएको जानकारी दिनुभयो । "मौरी चरेर आइसकेपछि पनि पोटिला नदेखिनु र मह उत्पादनका लागि उपयुक्त मानिएको महिनामा पनि कम मह उत्पादन हुनुको कारण पुष्परसमा कमी आउनु नै हो", जैसीले भन्नुभयो । मङ्गला गाउँपालिकाका कृषि प्राविधक जगत् बानियाँले अत्यधिक वर्षा र त्यसपछि सुक्खा हावा चलेका कारणले पनि पुष्परसमा स्वभाविक रुपले कमी आएकाले यस्तो समस्या उत्पन्न भएको बताउनुभयो । मौरीको गोलाको सङ्ख्या अत्यधिक बढिरहेको छ । कृषकले भने चरन क्षेत्रमा ध्यान नदिएको र बढ्दो रासायनिक मलको प्रयोगका कारण परागसेचन प्रक्रियामा प्रभाव परेकाले फलफूलजन्य वनस्पतिमा रसको मात्रा कमी आउँदा मह उत्पादन कम भएको कृषि प्राविधक बानियाँले बताउनुभयो ।

कृषि ज्ञान केन्द्रले मौरीपालक कृषकले मौरीको गोलासँगै चरन क्षेत्रको विस्तारमा ध्यान दिन कृषकलाई सल्लाह दिँदै घार वरिपरि बाँझो जग्गा नराख्न र विशेष गरी पुष्पजन्य बोटबिरुवा लगाउन अनुरोध गरेको छ । जिल्लामा मौरीपालक कृषकको सङ्ख्या बढ्दै गइरहेको छ । जिल्लाका छ स्थानीय तहका २०० भन्दा बढी कृषक व्यावसायिक मौरीपालनमा लागेका स्थानीय तहका कृषि शाखाले जनाएका छन् ।

# पुजारी बज्राचार्यको हृदयाघातबाट मृत्यु

पोखरापत्र संवाददाता
दमौली, १० मंसिर

गोरखाको प्रसिद्ध धार्मिकस्थल मनकामना मन्दिरमा पर्व पूजाका लागि गुठी संस्थानबाट खटिई आउनुभएका एक गुर्जु (पुजारी) को हृदयाघातबाट मृत्यु भएको छ ।

हरेक वर्षमा दुई पटक मनकामना मन्दिरमा लाग्ने पर्व पूजाका लागि आउनुभएका काठमाडौँ महानगरपालिका-४ बल्खुका रत्नराज बज्राचार्यको हृदयाघातबाट गए राति निधन भएको मनकामनाका स्थानीय दिनेश जोशीले जानकारी दिनुभयो ।

"पुजारी बज्राचार्यको राति १० बजे स्वास्थ्यमा समस्या आएको र केही क्षणमा नै मृत्यु भएको बताउनुभयो ।" घटनाको जानकारी पाएलगत्तै प्रहरीको एकटोली अनुसन्धानका लागि मनकामना पुगेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रकाश दाहालले जानकारी दिनुभयो ।

# कांग्रेस पर्वतका सभापतिमा जोशी विजयी

पोखरापत्र संवाददाता
पर्वत, १० मंसिर

नेपाली कांग्रेस पर्वतको सभापतिमा युवराज जोशी विजयी हुनुभएको छ । गए राति सम्पन्न मनगणनामा उहाँले खसेको मतमध्ये ५१ दशमलव पाँच प्रतिशत मत प्राप्त गरी निर्वाचित हुनुभएको हो ।

निर्वाचनमा सहभागी एक हजार १८६ मतमध्ये उहाँले ६० ९ मत प्राप्त गर्नुभएको थियो ।

कांग्रेसको विधानअनुसार सभापतिमा निर्वाचित हुनका लागि ५१ प्रतिशत ल्याउनुपर्ने प्रावधान रहे पनि जोशीले जम्मा सहभागी मतको ५१ दशमलव पाँच प्रतिशत मत प्राप्त गरेपछि निर्वाचन समितिले विजयी भएको घोषणा गरेको हो । उपसभापतिमा डा चूडामणि शर्मा र शिवप्रसाद सुवेदी त्यस्तै गरी सचिवमा अशोक उच्चै ठकुरी र गुप्तनिधि शर्मा विजयी भएका छन् । त्यस्तै सहसचिवमा अच्युत तिवारीले ६५८ मत ल्याएर विजयी भएका छन् । यसै गरी सहचिवमा तिलक भुसालले ५१९ र विजयी तिवारी विजयी भएका छन् ।

त्यसैगरी महाधिवेशन प्रतिनिधिमा अपाङ्गता भएका व्यक्तिबाट कुलप्रसाद पाध्या, खुला महिलाबाट सीताकुमारी काफ्ले लामिछाने, मुना भुसाल, रेखा गुरुङ र राधा कुँवर क्षेत्री बिजयी हुनुभएको छ । खुल्ला पुरुषतर्फ रामचन्द्र जोशी, नवराज गुरुङ, खगेन्द्रप्रसाद तिवारी, गङ्गाधर तिवारी, विद्वान् गुरुङ, ऋषिकेश तिवारी, विमलराज क्षेत्री, राजेन्द्रप्रसाद तिवारी, वसन्तबहादुर सिके र खिमप्रसाद भुसाल विजयी हुनुभएको छ । दलित महिलातर्फ खैसरा नेपाली, दलित खुलामा जीतबहादुर नेपाली, खस आर्य महिलामा मुना शर्मा लामिछाने, मीनाकुमारी केसी र सिर्जना मल्ल विजयी हुनुभएको छ । त्यसैगरी खस आर्य पुरुषतर्फ तोरण मल्ल ठकुरी राज, डा केदार सुवेदी र कुलप्रसाद उपाध्याय विजयी हुनुभएको छ भने आदिवासी जनजातितर्फ मीना कर्माचार्य र मोहनबहादुर गुरुङ विजयी हुनुभएको छ । अपाङ्गता भएका व्यक्तितर्फ लेखनाथ पौडेल र मधेसी/मुस्लिम/अल्पसङ्ख्यकबाट सनम बेगम निर्विरोध निर्वाचित हुनुभएको छ । जिल्ला सदस्यमा खुला र भूगोलतर्फ पनि जोशी प्यानलकै उम्मेदवार विजयी हुनुभएको छ ।

कार्यसमितिको परिणाम घोषणालगत्तै निकटम प्रतिद्वन्द्वी मल्लले सभापतिमा विजयी जोशीलाई खादा लगाएर सम्मान व्यक्त गर्नुभएको थियो । निर्वाचित सभापति जोशीले आगामी दिनमा कांग्रेसलाई पहिलो राजनीतिक शक्ति बनाउन आफ्नो महत्वपूर्ण भूमिका हुने बताउनुभएको थियो ।